# बौदीकाली गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## डेढगाउँ,नवलपरासी(ब.सु.पू.)
गण्डकी प्रदेश, नेपाल

प.स.: २०७९/८०

च.नं.:

V32P+FV Dedhgaun

**स्थानीय सेवा (गठन तथा संचालन) अध्यादेश, २०७९ बमोजिम तहवृद्धि सम्बन्धी सूचना ।**

सूचना नं.: ०१/२०७९-८० (तहवृद्धि ) सूचना प्रकाशन मिति : २०७९।०६।२७

प्रस्तुत बिषयमा प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं. ४७५ मिति २०७९/०६/२५ को पत्रानुसार स्थानीय सेवा (गठन तथा संचालन) अध्यादेश,२०७९ को दफा ९ र दफा २८ मा रहेको दरबन्दी कायम गर्ने र तह वृद्धि गर्ने सम्बन्धी व्यवस्था कार्यान्वयन गर्न यो सूचना प्रकाशित गरिएको छ । स्थानीय सेवा (गठन तथा संचालन) अध्यादेश,२०७९ को दफा ९ र २८ बमोजिम योग्यता पूरा गरेका तथा दफा ३२ बमोजिमको नकारात्मक सूचीमा नपरेका कर्मचारी समायोजन ऐन, २०७५ अनुसार स्थानीय तहमा समायोजन भएका र कर्मचारी समायोजन पश्चात लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगबाट सिफारिस भई स्थानीय तहको छैठौं तहको पदमा नियुक्ति भएका सातौं तहको लागि आवस्यक न्यूनतम् शैक्षिक योग्यता पुगेका तह वृद्धि गर्न इच्छुक स्थायी कर्मचारीहरुले मुख्यमन्त्रि तथा मन्त्रिपरिषदको कार्यालयको वेबसाइड www.ocmcm.gandaki.gov.np वा बौंदीकाली गाउँपालिकाको वेबसाइड www.baudikalimun.gov.np मा रहेको तहवृद्धिको आवेदन फाराम डाउनलोड गरी फारममा उल्लिखित विवरण खुलाई नेपाली कागजमा प्रिन्ट गरी दुई प्रति तयार गरी प्रमुख प्रशासकीय अधिकृतबाट प्रमाणित गराई २०७९/०७/०२ सम्म गाउँपालिकाको प्रशासन शाखामा बुझाउनु हुन सूचित गरिन्छ । म्याद नाघी प्राप्त हुन आएका अपुरो, विवरण भरी पेश भएका र तोकिए बमोजिम कागजात संग्लग्न नभएका आवेदन माथि कारबाही नगरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ ।

उम्मेदवार कर्मचारीले आवेदन दिंदा ध्यान दिनुपर्ने बिषयहरुः

१. आवेदन फाराम साथ तहवृद्धि हुने पदभन्दा एक तहमुनिको पद वा श्रेणीमा भएको स्थायी नियुक्तिको नियुक्तिपत्रको प्रतिलिपि, समायोजन भएका कर्मचारीको हकमा कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम यस गाउँपालिकामा समायोजन भएको समायोजन पत्रको प्रमाणित प्रतिलिपि २/२ प्रति र दफा ३२ बमोजिम नकारात्मक सूचीमा नपरेको भनी उमेदवार स्वयमले स्व-घोषणा गरी पेश गर्नुपर्ने ।

२. स्थानीय स्वास्थ्य सेवाको हकमा तहवृद्धिको लागि देहाय बमोजिमको सेवा र शर्त पूरा भएको हुनुपर्नेछः

लेख बहादुर बस्नेत

@hellobaudikali @hellobaudikali baudikalimun@gmail.com 9857046264

प.स.: २०७९/८०

च.नं.:

V32P+FV Dedhgaun

क ) सहायक स्तर पाँचौ तहको पदमा तहवृद्धिको लागि सहायक स्तर चौथो तहको पदमा पाँच बर्ष सेवा अवधि पूरा गरेका ।

ख) अधिकृत स्तर छैठौं तहको पदमा तहबृद्धिको लागि सहायक स्तर पाँचौ तहको पदमा शुरु नियुक्ति भएका वा सहायक स्तर पाँचौ तहको पदमा तह वृद्धि भई सो तहको लागि चाहिने न्युनतम शैक्षिक योग्यता भएका उमेदवारको हकमा पाँच बर्ष सेवा अवधि पूरा गरेका, तर सहायक स्तर पाँचौ तहको पदमा तहवृद्धि भएका मध्ये सो तहको पदका लागि चाहिने न्युनतम शैक्षिक योग्यता नभएका उमेदवारको हकमा आठ बर्ष सेवा अवधि पूरा गरेका,

ग) अघिकृत स्तर सातौं तहको पदमा तहवृद्धिको लागि अधिकृत स्तर छैठौं तहको पदमा आठ बर्ष सेवा अवधि पूरा गरेका कर्मचारीहरु मध्ये सहायक स्तर पाँचौ तहको पदमा शुरु नियुक्ति भई अधिकृत स्तर छैठौं तहको पदमा तहवृद्धि भएका,

घ) अधिकृत स्तर आठौं तहको पदमा तहवृद्धिको लागि अधिकृत स्तर सातौं तहको पदमा शुरु नियुक्ति भई पाँच बर्ष सेवा अवधि पूरा हरेका,

ङ) अधिकृत स्तर दशौं तहको पदमा तहवृद्धिको लागि अधिकृत स्तर नवौं तहको पदमा पाँच बर्ष सेवा अवधि पूरा गरेका,

च) पछिल्लो दुई आर्थिक बर्षको कार्यसम्पादन मुल्यांकनमा कम्तिमा उत्तम अंक प्राप्त गरेका ।

३. सेवा अवधि गणना गर्दा समायोजन हुनुपूर्वको समान तह वा श्रेणीको पदको स्थयी नियुक्ति पाई कार्य गरेको अवधि समेतलाई गणना गरिनेछ ।

४. स्थानीय सेवा (गठन तथा संचालन) अध्यादेश,२०७९ को दफा ३२ बमोजिम तहवृद्धिको लागि सम्भाव्य उमेदवार हुन अयोग्य नभएको हुनुपर्नेछ ।

५. आवेदन फारमको सम्पूर्ण महलहरुमा उल्लेख भए बमोजिमका विवरणहरु स्पस्ट खुलाउनु पर्नेछ ।

६. आवेदन फाराम साथ तहवृद्धि हुने पद भन्दा एक तह मुनिको पद वा श्रेणीमा भएको स्थायी नियुक्तिको प्रतिलिपि कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम यस स्थानीय तहमा समायोजन भएको प्रमाणित प्रतिलिपि २/२ प्रति र दफा ३२ बमोजिम नकारात्मक सूचीमा नपरेको भनी उमेदवार स्वयम्ले स्वघोषणा गरी पेश गर्नुपर्नेछ ।

लेख बहादुर बस्नेत
प्रमुख प्रशासकीय अधिकृत